“शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार

सुन्दर मालिकबोता समृद्धि र रोजगारको आधार”

## कनकासुन्दरी गाउँपालिका

# वडा नं. २ को वडा विकास योजना

## (प्रथम पन्चवर्षीय आवधिक विकास योजना)

आ.व. २०७८/७९ देखि २०८२ /८३ सम्म

**तयार गर्ने:**

**कनकासुन्दरी गाउँपालिका**

**२ नं. वडा कार्यालय**

**जुम्ला जिल्ला, कर्णाली प्रदेश, नेपाल**

**२०७८**

# कनकासुन्दरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## विराट, जुम्ला
## कर्णाली प्रदेश, नेपाल



मितिः२०७८।०७।१७

## शुभकामना

नेपाली भाषाको उत्पति स्थल कुमाउ गढवाल देखी दक्षिण तराई हुँदै उत्तरको तिव्वत खारी क्षेत्र सम्म फैलिएको प्राचिन विशाल खस साम्राज्यको राजधानी स्थल कनकासुन्दरी गाउँपालिका मनोरम प्राकृतिक छटाले भरीपूर्ण ऐतिहासिक तथा पुरातात्विक सम्पदाले सम्पन्न हुँदाहुँदै पनि देशमा भएका विभिन्न परिवर्तनका क्रममा पनि यहाँको विकास निर्माणका साथै जनजीवनमा उल्लेखनिय परिवर्तन हुन नसकेको कुरा सर्वविदितै छ ।

यस क्षेत्रमा उत्पादन हुने फलफुल तथा कृषिजन्य बस्तुहरु र जडीवुटीका साथै अविरल बग्ने नदीहरुको सही उपयोग हुन नसकि यस क्षेत्रको विकास निर्माण कार्यले कोल्टे फेर्न सकेको छैन । नेपाल सरकारका तर्फवाट बृहत परियोजनाहरु समेत लागु हुन सकिरहेका छैनन् वा भनौं केन्द्र सरकारको प्रयाप्त ध्यान पुगेको देखिंदैन, तसर्थ सुखी नेपाली समृद नेपालको परिकल्पनालाई साकार पार्न अब सम्पूर्ण विकास साझेदारहरु विच हातेमालो गर्न जरुरी रहेको छ ।

धार्मिक, पुरातात्विक, सांस्कृतिक एवं प्राकृतिक सम्पदाले भरिपूर्ण कनकासुन्दरी गाउँपालिकाको एक अभिन्न अंगको रुपमा रहेको वडा नं. २ मालिकावोताको विकास योजना अन्तर्गत प्रथम पञ्च वर्षिय आवधिक विकास योजना आ.व.२०७८।०७९ प्रकाशन हुन लाग्दा हामीलाई खुशी लागेको छ ।

नेपालको प्रचलित कानुन अनुरुप वडा स्तरमा आमभेला बसी स्थानीय आवश्यकतालाई मध्यनजर गरी वडाको आर्थिक, भौतिक, शैक्षिक लगायत समग्र पक्षको विकास प्रक्रियालाई व्यवस्थित प्रक्रियामा स्तरबृद्धि गरी वडालाई नमुना वडाको रुपमा रुपान्तरण गर्ने मैले विश्वास लिएको छु । यो पञ्च वर्षिय आवधिक विकास योजनाको कार्यान्वयन गर्न वडामा रहेका समाजसेवी, बुद्धिजीवि, भद्र भलाद्मी लगायत सम्पूर्ण समुदायको सहयोग रहने कुरामा म विश्वस्त छु ।

अन्त्यमा यो आवधिक विकास योजना निर्माण तथा प्रकाशन कार्यमा सहभागी सम्पूर्ण महानुभावहरु प्रति हार्दिक कृतज्ञ छु साथै यसको सफल कार्यान्वयनको अपेक्षा सहित सफलताको शुभकामना व्यक्त गर्दछु।
नरविर रावत

अध्यक्ष
कनकासुन्दरी गाउँपालिका

# कनकासुन्दरी गाउँपालिका
# २ नं. वडा कार्यालय
## मालिकाबोता, जुम्ला
## कर्णाली प्रदेश,नेपाल



मिति: २०७८/०६/०८

## <u>मन्तब्य</u>

जनता राज्यको अभिन्न अङ्ग हो . जनता बिना राज्यको अस्थितो रहन सक्दैन. राज्यले जनतालाई विकासको पहुचमा लैजानु उसको दायित्व हुन जानेकुरामा दुईमत हुन सक्दैन ।

सघिय शासन प्रणाली भएको हाम्रो मुलुकमा सबै भन्दा तल्लो निकाय स्थानिय सरकारको जगको रुपमा रहेको वडा विकास महत्वपूर्ण रुपमा जनतासंग सरोकार राख्ने हुदा यो आ. व. २०७८/०७९ आ .व २०८२/०८३ सम्मको पंच वर्षीय योजनातयार गरीयको हो ।

कनकासुन्दरी गाउपलिका वडा नं. २ मालिकाबोताको समग्र विकास गर्न GIZ को प्राविधिक सहयोगमा सात वटा टोल विकास समिति गठन गरी जनता स्तर बाट अपांग, महिला र वृद्‍ध बालबालिका र दलित सबै आम जन सहभागिताबाट आवश्यक योजना जस्तै आर्थिक, सामाजिक, पूर्वधार विकास, वन-वातावरण तथा विपत व्यवस्थापन, संस्थागत विकास सुशासन र सेवा प्रवाह आदिको सुनिश्चिता लागि व्यापक छलफल वहसबाट सिर्जित योजनाहरुलाई पन्च वर्षीय योजना भित्र समावेश गरिएकोले भर पर्दो र उपयोगी यो पुस्तिकाको लेखनमा आवश्यक सहयोग गर्ने GIZ प्रति हार्दिक आभार प्रकट गर्दछु ।

त्यस्तै विभिन्न टोल विकासबाट प्रतिनिधित्व गर्ने टोल जन प्रतिनिधित्वहरुको राय सुझाप प्रति धन्यवाद दिदै यस पुस्तिकाले मालिकाबोताको समग्र विकासमा सार्थक बन्ने छ बन्ने छ भनी अपेक्षा राख्नुदछु ।

शेर वहादुर रावत
वडा अध्यक्ष
कानकासुन्दरी वडा न. २
मालिकाबोता जुम्ला

# विषय सूची


*भाग १* ..... १

*योजना तर्जुमा खाका* ..... १

*१.१ वडाको सोंच, लक्ष्य र रणनीति* ..... १

१.१.१ वडाको सोंच (दुरदृष्टि) ..... १

१.१.२ लक्ष्य ..... १

१.१.३ रणनीतिहरु ..... २

*भाग २* ..... ५

*वडा विकास योजनाको परिचय र तयारी प्रक्रिया* ..... ५

२.१ वडा विकास योजनाको परिचय ..... ५

२.२ वडा विकास योजनाको औचित्य ..... ५

२.३ वडा विकास योजनाको उद्देश्य ..... ६

२.४ वडा विकास योजना तर्जुमा प्रक्रिया ..... ७

२.५ वडा विकास योजना तर्जुमाको सिमा ..... १०

*भाग ३* ..... १३

*वडाको संक्षिप्त परिचय* ..... १३

३.१ परिचय ..... १३

३.२ भोगोलिक तथा प्रशासनिक सिमाना ..... १३

३.३ भू-उपयोगको अवस्था ..... १३

३.३ पूर्वाधारहरु/संरचनाहरु ..... १४

३.४ वडामा कार्यरत गैर सरकारी संघ-संस्थाहरु तथा समुदायमा आधारित संस्था/समुह/क्लबहरु १५

३.४.१ वडामा कार्यरत गैर सरकारी संघ-संस्थाहरु ..... १५

३.४.२ वडामा कार्यरत समुदायमा आधारित संस्था/ समुह/ क्लबहरु ..... १५

**३.५ टोल अनुसार जातजातिगत घरधुरी** ........ १६

**३.७ टोल अनुसार जातजातिगत जनसंख्या विवरण** ........ १६

**३.८ समग्रमा घरधुरीको मुख्य सीप तथा पेशा** ........ १७

**३.८.१ घरधुरीको मुख्य सीप सम्बन्धि विवरण** ........ १७

**३.८.२ घरधुरीहरुको मुख्य पेशा सम्बन्धि विबरण** ........ २०

**३.९ वडा कार्यालयको मानव संशाधनको अवस्था** ........ २१

**३.१० वडाको समग्र विकास र सम्भावनाहरु** ........ २२

**३.१० वडाको टोल सहितको गुगल नक्सा** (ज्ञद्दनतङ्ग त्तकम) ........ २४

***भाग ४*** ........ २६

***वडाको अवस्था विश्लेषण*** ........ २६

**४.१ क्षेत्रगत रुपमा वडाको अवस्था बिश्लेषण (समस्या तथा चुनौतीहरु र सबल पक्ष तथा अवसरहरु)** ........ २६

***भाग ५*** ........ ३४

***क्षेत्रगत योजनाहरु तथा कार्यक्रमहरु*** ........ ३४

**५.१ गाउँपालिकाबाट प्राप्त हुने वडाको बजेट सिलिंग ट्रेण्ड (रूचङ्गथघ) को अवस्था** ........ ३४

**५.२ वडालाई प्राप्त बजेट सिलिंग भित्र र बाहिर रही आगामी आ. ब. हरुमा अनुसार संचालन गरिने क्षेत्रगत प्राथमिकिकरण गरिएका योजनाहरू तथा कार्यक्रमहरु** ........ ३५

***भाग ६*** ........ ६०

***वडा विकास योजनाको कार्यान्वयन, अनुगमन तथा मुल्यांकन*** ........ ६०

**६.१ वडा विकास योजनाको कार्यान्वयन** ........ ६०

**६.२ कार्यान्वयन तालिका** ........ ६१

**६.३ अनुगमन तथा मुल्यांकन** ........ ६१

**६.५ श्रोत अनुमान तथा प्रक्षेपण** ........ ६३

**६.६ श्रोत परिचालन रणनीति** ........ ६४

***अनुसूचीहरू*** ........ ६५

**अनुसूची १: वडामा रहेका पुर्वाधारहरुको विवरण ........................................................ ६५**

**अनुसूची २: वडामा रहेका समुदाय स्तरका समुह तथा क्लबहरुको विवरण........................ ६६**

**अनुसूची ३: योजना प्राथमिकिकरणको आधारहरू तथा स्कोरिङ तथा आयोजनाको प्राथमिकताक्रम निर्धारण फाराम........................................................................................................ ६७**

**अनुसूची ४: टोल विकास संस्थाहरूको नामावली......................................................... ६९**

**अनुसूची ५: टोल स्तरीय भेलामा उपस्थित वडा प्रतिनिधिको नाम.................................. ६९**

**अनुसूची ६: टोलस्तरीय भेलामा उपस्थित सहभागीहरुको जातजातिगत विवरण.................. ७०**

**अनुसूची ७: वडास्तरको वडा विकास योजना तयारी कार्यशालामा उपस्थित सहभागीहरू (वा माइनुट बुकको संलग्न फोटोकपी)................................................................................. ७१**

**अनुसूची ८: टोलहरुको सामाजिक नक्साहरु............................................................ ७२**

**अनुसूची ९: टोलहरुको सामाजिक नक्साहरु............................................................ ७३**

**अनुसूची १०: टोल विकास स्तरीय योजना तर्जुमा भेलाका केहि फोटोहरु ..................... ७४**

**अनुसूची ११: टोल विकास स्तरीय योजना तर्जुमा भेलाका केहि फोटोहरु ...................... ७५**

**अनुसूची १२: वडा विकास योजना तर्जुमा कार्यशालाका केहि फोटोहरु ........................... ७६**

***सन्दर्भहरु....................................................................................................... ७७***

# तालिका सुची


*तालिका १: वडाको भू-उपयोगको विवरण ........ १३*

*तालिका २ पूर्वाधारको विवरण ........ १४*

*तालिका ३ वडामा कार्यरत गैरसरकारी संघ-संस्थाहरु/कार्यक्रमहरुको विवरण ........ १५*

*तालिका ४ समुदायमा आधारित संस्था/समुह/क्लबहरुको विवरण ........ १५*

*तालिका ५ टोल अनुसार जातजातिगत घरधुरी विवरण ........ १६*

*तालिका ६ टोल अनुसार जातजातिगत जनसंख्या विवरण ........ १७*

*तालिका ७ टोलगत मुख्य सीपको विवरण ........ १८*

*तालिका ८ घरधुरीहरुको मुख्य पेशाको विवरण ........ २१*

*तालिका ९ वडा कार्यालयको जनशक्ति विवरण ........ २१*

*तालिका १० क्षेत्रगत समस्या तथा चुनौतिहरू र सबल पक्ष तथा अवसरहरू ........ २६*

*तालिका ११ विगत तिन वर्ष देखि गाउँपालिकाबाट वडालाई प्राप्त बजेट सिमाको अवस्था ........ ३४*

*तालिका १२ आर्थिक वर्षहरू अनुसार संचालन गरिने क्षेत्रगत प्राथमिकिकरण गरिएका योजनाहरू/कार्यक्रमहरुको सुची ........ ३६*

*तालिका १३ योजनाको कार्यान्वयन तालिका ढांचा ........ ६१*

*तालिका १४ आ. व. अनुसार वार्षिक प्रक्षेपण ........ ६३*

# संक्षिप्त शब्दवाली

| | |
|---|---|
| आ.ब. | : आर्थिक बर्ष |
| लै.स.सा.स. | : लैंगिंक समानता सामाजिक समावेशीकरण |
| टो.वि.स. | : टोल विकास संस्था |
| मा.वि. | : माध्यमिक विद्यालय |
| खा.पा. | : खानेपानी |
| TLO | : Tole Lane Organization |
| TDP | : Tole Development Proposal |
| WDP | : Ward Development Plan |
| CBO | : Community Based Organization |
| GIS | : Geographic Information System |
| DAGs | : Disadvantage Groups |
| FCG | : Finnish Consulting Group |

# भाग १

# योजना तर्जुमा खाका

## (Planning Framework)

# भाग १

# योजना तर्जुमा खाका
(Planning Framework)

## १.१ वडाको सोंच, लक्ष्य र रणनीति

### १.१.१ वडाको सोंच (दुरदृष्टि)

कनकासुन्दरी गाउँपालिका वडा नं. २ को ५ बर्षे योजना निर्माण अन्तिम कार्यशाला, अन्य गोष्ठि, छलफल, टोल विकास संस्थाको योजना तर्जुमा भेलाबाट आएका सुझाव र गाउँपालिकाको आफनै परिकल्पना र बिगतका विकास योजनामा रहेका दृष्टिकोण, सोचहरूलाई पनि मध्य नजर गर्दै यस वडाले तय गरेको देहायको सोचलाई नै यस वडाको दीर्घकालिन सोचका रुपमा आत्मसाात गरिएको छ ।

**"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार**
**सुन्दर मालिबोता समृद्धि र रोजगारको आधार"**

### १.१.२ लक्ष्य

टोल विकास प्रस्तावना तयारीका लागी टोल स्तरमा भएका भेला, बार्षीक र ५ बर्षीय योजना निर्माणको क्रममा भएका विभिन्न छलफल तथा गोष्ठीहरुबाट आएका सुझाबहरु, बिगतमा गाउँ पालिकाको विकास लक्ष्य, निति तथा कार्यक्रमको आधारमा वडाको समष्टिगत विकासका लागि शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार विकासलाई समष्टिगतरुपमा अगाडी बढाउने आधार तयार गर्दै आम्दानी, रोजगारी, र जीवनस्तरमा दिगो रूपमा सुधार गर्ने मुल लक्ष्य लिइएको छ ।

साथै क्षेत्रगत लक्ष्यहरु देहाय बमोजिम हुनेछन् ।

- गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी सेवामा सबैको पहुच सुनिश्चित गर्दै न्यायोचित विकासको लागि पछाडी परेको बर्गलाई सशक्तीकरण गरी न्यायोचित विकास मार्फत समावेशी तथा समतामूलक समाज निर्माण गर्ने ।
- साना तर सबैलाई प्रत्यक्ष लाभ हुने खालका गोरेटो बाटो, सडक, पुल, भवन, विद्युत, सञ्चारसहितको व्यवस्थित बस्ती विकास गर्ने आधार तयार गर्दै राजमार्ग र वडाको बिचमा रहेको दुरीलाई कम गर्ने, यातायात, आयात-निर्यातमा सहजता ल्याई जीवनयापनमा सुधार गर्ने ।
- वन तथा भुसंरक्षण, जलाधार संरक्षण, फोहर ब्यबस्थापन, विपद् तथा जलवायु परीवर्तन सम्बन्धी कार्यक्रम कार्यान्वयन गरी वातावरण मैत्री, उत्थानशील टोलहरू निर्माणको प्रकृयामा अगाडी बढाउने ।
- कृषि तथा पशुजन्य क्षेत्रलाई आधुनिकीकरण गर्दै उत्पादनमा बृदि, सिंचाई सेवाको विस्तार, साना साना घरेलु उधोग, पर्यटकीय पूर्वाधारको पहिचान तथा निर्माण एवं सहकारीमा सबैको पहुच बढाउदै वडाबासीको जिविकोपार्जनमा सहजता ल्याउने ।
- वडा, टोल विकास संरचना, समुह र मानव शंसाधनको उचित व्यवस्थापन गरी योजना ब्यबस्थापनका सबै चरणमा सबैको सहभागीतालाई सुनिस्चित गर्दै, वडा र टोल स्तरीय आबस्यक निती नियम बनाइ वडाको संरक्षण र सहयोग, टोलको नेतृत्वमा कार्यान्वयन र परीचालन गरी सुशासन कायम गर्ने ।

### १.१.३ रणनीतिहरु

वडाले लिएको सबै लक्ष्यहरुलाई हासिल गर्न तपसिल बमोजिमको विषयगत रणनीतिहरू अवलम्बन गरिने छ । गाउँपालिकाको आबधिक, वार्षिक योजनाले निदृस्ट गरेका रणनितीहरुलाई भने प्रमूख मार्गदर्शनको रूपमा लिइनेछ ।

**क) आर्थिक विकासः**

- उपलब्ध प्राकृतिक जडिबुटीको संरक्षण तथा उत्पादन बढाउने ।
- रोजगार हुने साना साना उद्धोग संचालन हुने खालका उत्पादनमा जोड दिने ।
- अर्गानिक कृषि उत्पादन बढाउनमा जोड दिने ।
- लक्षीत वर्गहरुका लागि सिप विकास तथा आयआर्जन, स्वरोजगार कार्यक्रम संचालन गर्ने ।

**ख) सामाजिक विकासः**

- शिक्षाको गुणस्तरमा जोड दिने ।
- सबै विधालयमा विद्यार्थी अनुपातमा शिक्षक दरबन्दि व्यव्स्थापन, बालमैत्री शिक्षण सामाग्री र बाल,अपांग,लैंगीक मैत्री,भुकम्प प्रतिरोधी संरचना निर्माण गर्ने ।
- सुरक्षित खानेपानीमा जोड दिने
- स्वास्थ्य संस्थाबाट प्रदान गरीने सेवा र गुणस्तरमा जोड दिने ।
- महिला प्रजनन् स्वास्थ्य, महिनावारी भएको बेला स्वास्थ्य सुरक्षा, सरसफाइ र पोषणका कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी बढाउने ।
- पुर्ण सरसफाई अभियान संचालन गर्ने ।
- निर्माण भएका खानेपानी आयोजनाहरुको मर्मत संभार तथा ब्यवस्थापन तथा सुधार र विस्तार गरि सुरक्षित खानेपानीको ब्यबस्था गर्ने ।
- बाल विबाह, छाउपडी, महिला हिंसा, छुवाछुत जस्ता सामाजिक कुरुतीहरुको अन्त्य गर्ने ।
- दिगो रोजगारमुलक कार्य बृदि गर्ने ।
- धार्मिक र सास्कृतिक संपदाको संरक्षणमा जोड दिने ।

**ग) पूर्वाधार विकासः**

- सबै बस्तिमा पुग्ने गोरेटो बाटोलाई सुधार गर्ने ।
- सिचाइका सम्भावित स्थानहरुमा सिचाइ कुलो निर्माणमा जोड दिने ।
- सिचाईको श्रोत कम भएका वा नभएका ठाउहरुमा नया प्रबिधीको सिचाईमा जोड दिई सम्भावित टोलहरूमा १२ महिना खेति गरी उत्पादकत्व बढाउने ।
- भौतिक संरचना निर्माण गर्दा विपद् जोखिम न्यूनीकरणका सवाललाई अनिवार्य समावेश गर्ने ।
- संचारको गुणस्तरमा जोड दिने ।

**घ) वन वातावरण तथा विपद व्यवस्थापनः**

- प्राकृतिक स्रोतहरुको संरक्षण र परिचालन गर्ने
- फोहरमैलाको उपयुक्त ब्यबस्थापन सहित बाताबरणीय सन्तुलन कायम गर्ने ।
- जल उत्पन्न प्रकोप नियन्त्रणमा जोड दिने

**ङ) सुशासन, सस्थागत विकास तथा सेवा प्रवाहः**

- टोल विकास संस्थाहरूलाई वडा कार्यालयको सहयोगी संस्थाको रूपमा संस्थागत विकासगरी योजना ब्यबस्थापनका सबै चरणमा टोल विकास संस्थाको भूमिकालाई प्रभावकारी बनाउने ।
- वडामा क्रियाशील विद्यालय, स्वास्थ्य, समुह, संस्था, सहकारी, उपभोक्ता समितिहरूको संस्थागत विकास गर्दै उनीहरूको सेवा प्रवाहमा सुधार ल्याउने र समुदाय मैत्रि नीति निर्माणमा जोड दिने ।
- वडाको सहभागीता र समुदायको उपस्थितमा सहभागीतात्मक योजना तर्जुमा र प्राथमिकिकरण निर्धारण गरी अधिकारमा आधारित विकासलाई प्रर्बधन गर्ने र अनुगमन तथा मुल्यांकनमा समुदायलाई सहभागी गराउने ।
- शुशासनयुक्त दिगो तथा न्यायपूर्ण समाजको निर्माण गर्ने

# भाग २

# वडा विकास योजनाको परिचय

# र तयारी प्रक्रिया

(Introduction of Ward Development Plan

and Process)

# भाग २

# वडा विकास योजनाको परिचय र तयारी प्रक्रिया

## (Introduction of Ward Development Plan and Process)

### २.१ वडा विकास योजनाको परिचय

हाम्रो जस्तो श्रोत साधनको आभाव रहेको र विकासको आवश्यकता र चाहना अत्यधिक रहेको गाउँपालिका र त्यस अन्तर्गतका वडाहरुले सिमित श्रोत साधनलाई अधिकतम प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गर्नुपर्ने आवश्यकता छ | वडाको सामाजिक, आर्थिक, सांस्कृतिक, मानवीय लगायत समग्र विकासको लागि उपलब्ध सीमित स्रोत साधनको उच्चतम र महत्व अनुरूपमा बाँडफाँड गरी अपेक्षित रूपमा प्रतिफल प्राप्त गर्न वडाले तर्जुमा र स्वीकृत गरी कार्यान्वयनमा लग्ने दस्ताबेज नै वडा विकास योजना (Ward Development Plan) हो । सरल रुपमा भन्दा वडाको समग्र विकासको मार्गचित्र नै वडा विकास योजना हो ।

यस वडा विकास योजनाले वडाको सबल पक्ष र कमजोर पक्षहरुको पहिचान गरी सहभागितामुलक तरिकाबाट टोल टोलमा तयार भएको टोल विकास प्रस्तावनाहरुलाई आधार बनाई वडास्तरमा आवश्यक वडास्तरका योजना तथा कार्यक्रमहरुलाई समेत समाबेश गरेको छ | वडा समितिको नेतृत्व र सरोकारवालाहरुको अधिकतम सहभागितामा वडा कार्यालयले यो वडा विकास योजना तर्जुमा गरेको हो | यसले वडाको सोँच अनुसार वडाको समष्टीगत विकासका लागि लक्ष्य तथा उद्देश्यहरु निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरु पहिचान गरि आगामी ५ बर्ष सम्मका लागि योजनाहरु तथा क्रियाकलापहरु कार्यान्वयनको लागि प्राथमिकता अनुसार राखेको छ | गाउँपालिकाको वार्षिक योजना र बजेट तयार गर्दा हरेक वर्ष वडाबाट पेश हुने प्रस्तावहरु नै वडा प्रस्तावहरु (Ward Proposals) हुन् भने वडा विकास योजना चाँहि बहुवर्षीय विकास योजना हो । यसै वडा विकास योजनाबाट नै आगामी आर्थिक वर्षहरूमा वडाले वडा प्रस्तावहरु बनाएर पठाउनेछ |

वडा विकास योजना तर्जुमा गर्दा निम्न मार्गदर्शक सिद्धान्तहरु अबलम्बन गरिएको छ:

- वडा विकास योजना एकिकृत, समग्र तथा गतिशील योजना हो ।
- वडा विकास योजना सहभागीतामूलक प्रक्रिया मार्फत तर्जुमा गरिन्छ ।
- वडा समतिको नेतृत्व र समुदायको व्यवस्थापनमा यसको निर्माण र कार्यान्वयन हुन्छ ।
- योजनाको तलबाट माथि जाने (Bottom Up) धारणाको प्रबर्धन गरिन्छ (तथ्याकं घरधुरीवाट लिने, टोल/बस्ति स्तरमा टोल विकास प्रस्तावना वनाउने, वडामा बिस्तृत र समग्र योजना तर्जुमा गर्ने प्रक्रिया) ।
- स्थानीय विकासमा सबै वर्ग, लिङ्ग, समुदाय, सीमान्तकृत र अल्पसंख्यकलाई लक्षित गरी बास्तविक माग र आवश्यकताको आधारमा योजना निर्माण र प्राथमिकिकरण गरिन्छ ।

### २.२ वडा विकास योजनाको औचित्य

नेपालको संविधानको अनुसुचि ८ ले स्थानिय तहको अधिकारको सुचिमा स्थानिय स्तरका विकास योजना तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरेको छ । त्यसै गरी स्थानीय सरकार संचालन ऐन, २०७४ ले पनि गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको

छ । त्यस्तै परिच्छेद ३ दफा १२ को उपदफा २ ले पनि वडा समितिले वडाको विकासको लागी योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको ब्यबस्था गरेको छ । साथै वडाले यस्ता प्रकारका योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तहको नीति, लक्ष्य, उद्‍देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी निर्माण गर्ने ब्यबस्था गरेको छ ।

नेपालको संविधान २०७२ को धारा २९५ को उपधारा ३ बमोजिम नेपाल सरकारको मिति २०७३/११/२२ गतेको निर्णय अनुसार पुर्नसंरचना पश्चात हाल देशमा ७५३ वटा स्थानीय तह गठन भएका छन । स्थानीय सरकारहरू गठन गर्दा साविकका गाविस तथा नगरपालिकाहरूको भुगोललाई आधार मानिएको छ अर्थात पुराना गाविस तथा नगरपालिकाहरू समेटिएर हालको गाउँ पालिका तथा नगरपालिकाको क्षेत्रफल निर्माण गरिएको छ । सामान्यतयाः हालको अवस्थामा गाउँपालिका वा नगरपालिकाको वडाको क्षेत्रफल र जनसंख्या पुर्व गाविसकै हाराहारी रहेको पाइन्छ । अर्को तर्फ भर्खरै नेपाल सरकारले वडा र टोलको बिचमा रहेको दुरीलाइ कम गर्ने र विकास निर्माणको योजना तर्जुमा देखि कार्यान्वयनसम्म जनताको सहभागीतालाई सुनिश्चित गर्दै दिगो र गुणस्तरीय विकास गर्न सबै गाउँ, नगरपालिकाहरूले टोल विकास संस्था गठन गरी संस्थागत कार्यान्वयनमा जोड दिएको छ ।

टोल विकास संस्थाहरू वडाको सहयोगीको रूपमा वडाकै मातहतमा रहने भएकाले संस्थाले आफैले वार्षिक रूपमा टोल भेला गरी योजना निर्माण गर्ने र वडामा माग गर्ने परीपाटी बसाउन खोजेको अबस्था छ । यसरी बिभिन्न टोलबाट पेश भएका जनताले पहिचान गरेका र प्राथमिकता सहित प्रस्ताव गरेका योजनाहरूको बिश्लेषणको आधारमा वडाले आफ्नै विकास योजना निर्माण गरी अगाडि बढदा वडाको विकासलाई प्रकृयागत रूपमा अगाडि बढाई लक्षीत उपलब्धिहरू प्राप्त गर्न सहज हुने र वडाको विकास योजनावद्‍ध तरिकाले अगाडि बढने भएकाले वडा विकास योजनाको आवश्यकता देखिन्छ ।

## २.३ वडा विकास योजनाको उद्‍देश्य

समुदायको भविष्य र विकास प्रतिको सोंच (दृष्टिकोण) एवं उक्त सोंचलाई साकार पार्न अल्पकालीन र दिर्घकालिन क्रियाकलापहरु सहभागीतामूलक तरीकाले तय गर्न वडा विकास योजना तर्जुमा गरिएको छ | यस वडा विकास योजनाले आगामी ५ बर्षे अवधिका लागि वडाले चाहेको लक्ष्यमा पुग्न र समावेशीमुलक विकासको गतिलाई अगाडि बढाई निश्चित गन्तव्यसम्म पुग्न सहयोग पुर्याउँछ । वडाको योजनाबद्‍ध विकासका लागि सबै सरोकारवालाहरूलाई एउटै बाटोमा हिडन मार्ग निर्देशित गर्ने र समयमा नै आशा अनुरुप सफलता हासिल गरी अधिकारमा आधारीत, समाबेशी, न्यायोचित विकास गर्ने यो ५ बर्षे विकास योजना तर्जुमाको मुख्य उद्‍देश्य रहेको छ ।

वडा विकास योजना तर्जुमाका उद्‍देश्यहरु निम्न अनुसार छन् :

- टोल विकास प्रस्तावनाको रुपमा टोलबाट माग भएका योजना तथा कार्यक्रमहरूलाई एकीकृत गर्ने,
- वडावासीको सहभागिताामा आफ्ना समस्या तथा आवश्यकताको आधारमा समग्र विकासका कृयाकलापहरु पहिचान गर्दै सबै वर्ग, लिङ्ग, समुदाय, सीमान्तकृत र अल्पसंख्यकलाई लक्षित गरी योजना सहभागितात्मक योजना निर्माण र प्राथमिकिकरण गर्ने,
- वडाको विकासको लागि ५ बर्षे सोच, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्ने र सो अनुरुप प्राथमिकताको आधारमा दीगो तथा व्यवस्थित विकासको लागि एकिकृत योजना तर्जुमा गर्ने,
- स्थानीय सरकारको योजना तर्जुमा प्रक्रिया मुताबिक वडाको बार्षिक योजना तर्जुमा गर्न सहयोग पुर्याउने, निर्माण भइसकेका आवधिक योजना कार्यन्वयनमा सहयोग पुर्याउने,
- वडाको योजनाबद्‍ध विकासका लागि साझेदार तथा सरोकारवालालाई एकथलोमा राखि विकासमा साझा उत्तरदायित्व सिर्जना गर्ने,

- वडामा विकास कार्यहरुका लागि प्राप्त साधन र श्रोतको अधिकतम परिचालन तथा उपयोग गर्ने र आबस्यक श्रोत र साधनहरुको पहिचान गरि थप स्रोत साधन जुटाउन सहयोग गर्ने,
- स्थानियस्तरमा योजना तर्जुमाको क्षमता अभिवृद्धि गराउने,
- टोल विकास संस्थाहरूको संस्थागत विकास गर्न तथा योजना तर्जुमा प्रकृयामा टोल विकास संस्थाहरूको सहभागिता अभिवृद्धि गर्ने,

## २.४ वडा विकास योजना तर्जुमा प्रक्रिया

स्थानीय शासन संचालन सम्बन्धी संघीय कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रको भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, बार्षिक र विषय/क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यस प्रकार योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशिकरण जस्ता अन्तर सम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ । यसका साथै गाउँ/नगरपालीका क्षेत्र भित्र हुने सम्पूर्ण विकासका गतिविधिको समन्वय, नियमन र नेतृत्व समेत स्थानीय तहको अधिकार तथा कर्तव्य रहेको देखिन्छ ।

त्यसैले यस कनकासुन्दरी गाउँपालिका वडा नं. २ को वडा विकास योजना निर्माण गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ ले गरेको प्राबधान , स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ मा भएका प्राबधान र स्थानीय सरकारको वार्षिक योजना तथा बजेट तर्जुमा हाते पुस्तिका २०७७ ले दिशा निर्देशीत गरे बमोजिम सहभागीतात्मक र तलबाट योजना निर्माण गर्ने कुरालाई अंगीकार गर्दै, मागको आधारमा योजना निर्माण कार्य गरीएको छ । यो योजना तयारी गर्ने कार्यमा GIZ को परामर्शदाता Finnish Consulting Group (FCG) ले आवश्यक प्राविधिक सहयोग प्रदान गरेको छ ।

यो वडा विकास योजना निर्माण तयारी प्रक्रियालाई तल चित्रमा देखाए अनुसार अगाडी बढाएको हो ।

**चित्र नं.१ वडा विकास योजना तयारी प्रक्रिया**



### १. कार्यदल टोली गठन

वडा तहमा वडास्तरीय योजना बनाउनुको साथै टोल विकास संस्थालाई प्रोत्साहन एवं सहयोग गर्नका लागि एक कार्यदल टोली गठन गरियो वा वडा समितिले नै नेतृत्व गर्ने गरी योजना तर्जुमा प्रक्रियालाई अगाडी बढाइयो |

कनकासुन्दरी गाउँपालिका वडा नं २ मा गठन र परीचालन भएका ७ वटा टोल विकास संस्थाका पदाधिकारीहरूलाई १ दिने ७ चरणको सहभागीतामूलक वार्षिक योजना निर्माण प्रकृया, टोल विकास प्रस्तावना तयारी, टोल विकास योजना निर्माण प्रकृया, सामाजिक नक्सांकन, सुचना संकलन फाराम बारेमा अभिमूखीकरण गरीयो । उक्त कार्यशाला मार्फत ७ चरण मध्ये तेश्रो चरणमा हुने टोल स्तरीय योजना तर्जुमा (टोल भेला) अथवा टोल विकास योजना निर्माण कार्यशाला संचालन गर्नको लागी कार्ययोजना निर्माण गरीयो । वडा तहमा वडास्तरीय योजना बनाउनुको साथै टोल विकास संस्थालाई प्रोत्साहन एवं सहयोग गर्नका लागि वडा समितिले नै नेतृत्व गर्ने गरी योजना तर्जुमा प्रक्रियालाई अगाडि बढाइयो ।

### २. टोलमा टोलस्तरीय टोल विकास प्रस्तावना (Tole Development Proposal) को तयारी

- वडाले टोल विकास संस्थाहरुलाई "टोल विकास प्रस्तावना" तर्जुमाको बारेमा एक दिने अभिमुखीकरण कार्यक्रम तहमा आयोजना गरिएको थियो ।
- वडा समितिले वडामा रहेका सबै टोल विकास संस्थाहरुको सूची तयार गरियो ।
- वडा समितीले आफ्ना सदस्यहरुलाई विभिन्न टोलको "टोल विकास प्रस्तावना" तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्दै टोल स्तरीय योजना तर्जुमा भेलाको कार्यतालिका तयार गरियो ।
- वडा समितीले टोल विकास संस्थाहरुलाई भेला आयोजना गर्ने मिति र समयको बारेमा जानकारी दिएका थिए। सम्भव भएसम्म सबैलाई पायक पर्ने स्थानमा सम्पूर्ण घरधुरीहरुलाई बोलाउने गरी टोल भेला बोलाइएको थियो।
- वडा समितीले वडा भित्रका टोलहरुमा योजना तर्जुमाको लागि बैठक हुने मिति, समय र स्थानका बारेमा कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचना तथा टोल विकास संस्थाहरु मार्फत सुचना जानकारी गराइएको थियो । टोल/वस्ती तहका योजना छनौट गर्दा **"कोहि पनि पछाडि नपरुन्"** को अवधारणा अनुसार सो वस्ती भित्रका सबै बर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित बर्ग, पिछडा बर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको बर्ग आदि) को प्रतिनिधित्व सुनिश्चित गरिएको थियो ।
- टोल र बस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोल विकास सस्थाको सहजीकरण र संयोजनमा टोल र बस्ती भित्रका क्रियाशील सामुदायिक संस्थाहरु (आमा समुह, बाल क्लव र सञ्जाल, युवा क्लव, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूहहरु) लाई पनि सहभागी गराईएको थियो ।
- वैठकको कार्यतालिका अनुसार टोल र बस्तीस्तरमा आयोजना, योजना छनौट बैठकको छलफलमा आएका विषयवस्तु टिपोट गर्ने कर्मचारी वा कर्मचारी उपलब्ध नभएमा बाह्य सहजकर्ताको समेत ब्यवस्था गरिएको थियो ।

माथि उल्लेख भए बमोजिमका सरोकारवालाहरुको आधिकारीक सहभागिता हुने गरी वडा सदस्यको नेतृत्व र टोल विकास संस्थाको संयोजनमा निर्धारित समय, मिति र स्थानमा उपस्थित भै योजना छनौटको सम्बन्धमा अन्तरक्रिया, छलफल गरिएको थियो । टोलस्तरीय योजना तर्जुमा कार्यशाला (टोल भेला) सम्बन्धित ७ वटै टोलमा आयोजना गरी सामाजिक नंक्साकन गरी टोलको बस्तुगत बिवरण संकलन र प्रमाणीकरण गरीयो । उक्त भेलाबाट विकासका बिषयगत, क्षेत्रगत रूपमा टोलमा विकासका सम्भावना, अवसर, समस्या र समस्या समाधानका उपायहरू बारे सहभागीतात्मक तरीकाले छलफल गरीयो ।

यसरी सामुहिक निर्णयबाट पहिचान तथा प्राथमिकता भएका कार्यक्रम तथा योजनाहरुको विवरण राखी टोल विकास प्रस्तावना पुस्तिका तयार गरियो । टोल विकास प्रस्तावनाको तथ्याङ्कहरु सबैले पहुँच गर्न सकिने, क्लाउड (Cloud) मा आधारित सोल्स्टीस् (Solstice) को प्रयोगद्वारा तथ्याङ्क एवं जानकारीहरुलाई चित्रांकन सहित अभिलेख गरिएको थियो । टोल विकास प्रस्तावना तयारीको कार्यशालाको समयमा मोबाइल फोन सेटमा सोलिस्टिक (Solstice) को प्रयोगद्वारा संकलन गरिएको टोलको बिद्दमान स्थानको GPS तथ्यांकको आधारमा सम्पूर्ण टोलहरु सहितको वडाको गुगल नक्सा (Google Map) तयार गरि यस पुस्तिकामा राखिएको छ ।

### ३. वडाको सोंच (Vision), लक्ष्य (Goal) को तयार गर्ने

टोल स्तरीय योजना तर्जुमा कार्यशालाबाट प्राप्त बस्तुगत सुचना र योजनाको क्षेत्रगत, टोलगत, प्राथमिकतागत र संयुक्त खालका क्रियाकलापहरूको सुचि माथि वडा स्तरीय योजना तर्जुमा कार्यशाला मिति २०७८/०६/५ र ६ गते आयोजना गरी छलफल गरीयो ।

टोलको सम्भावना, अवसर र अन्य प्राथमिकता, उपलब्ध स्रोत साधन, ऐतिहासिक महत्व, सामारीक अवस्थिती जस्ता कुराहरूलाई ध्यान दिदै छलफलको माध्यमबाट वडाको नारा, सोंच दुरदृष्टि, लक्ष्य निर्धारण र उक्त लक्ष्य प्राप्तिको लागि आबश्यक रणनीतिहरू तय गर्दा:

- गाउँपालिकाको विद्यमान सोंच र लक्ष्यको आधारमा वडाको लक्ष्य र सोंच तय गर्ने ।
- वडाको सबल पक्ष तथा कमजोर पक्षहरुको विश्लेषण गर्ने ।
- वडा भित्रका सामाजिक, साँस्कृतिक मुद्दाहरुमा समाधानको लागि छलफल पनि गर्ने
- टोलको सम्भावना, अवसर र अन्य प्राथमिकता, उपलब्ध स्रोत साधन, ऐतिहासिक महत्व, सामारीक अवस्थिती जस्ता कुराहरूलाई ध्यान दिने

### ४. योजनाहरू र क्रियाकलापहरूको पहिचान र प्राथमिकिकरण

- वडा स्तरको कार्यशालामा टोल प्रस्तावमा प्राथमिकिकरणका योजनाहरु र क्रियाकलापहरुलाई विषयगत रुपमा छुट्टयाउने कार्य गर्ने ।
- टोल विकास प्रस्तावहरु, वडाको संभावना तथा प्राथमिकताको बारेमा टोल र वडा स्तरक योजनाहरुको बारेमा छलफल गर्ने ।
- वडास्तरका योजनाहरु र क्रियाकलापहरुको पहिचान गर्ने ।
- गाउँपालिकाको क्षेत्रगत प्राथमिकताको बारेमा छलफल गर्ने ।
- लक्षित समुहको सामाजिक तथा साँस्कृतिक मुद्दाहरुको बारेमा छलफल गर्ने ।
- क्षेत्रगत योजनाहरु र क्रियाकलापहरुको बारेमा छलफल गर्ने ।

### ५. वडास्तरीय विकास योजनाको तयारी सम्पन्न र पेश गर्ने

- प्राथमिकिकरणका योजनाहरु र क्रियाकलापहरुलाई हरेक आर्थिक वर्षमा संचालन हुने अनुसार सुचीकृत गर्ने ।
- गाउँपालिकास्तरका योजनाहरु र क्रियाकलापहरुको छुटै एउटा सुची तयार गर्ने (वडाबाट कार्यान्वयन गर्न नसकिने),

- पिछडिएका वर्ग, महिला, अपागं, दलित वा सिमान्तकृत समूहहरू (DAGs) को मुद्दाहरुलाई समावेश गर्ने ।
- विषय क्षेत्रगत योजना दस्तावेज तयार गर्ने ।
- वडा तहमा कार्यदलबाट वडा विकास योजना तयारी र पेश गर्ने ।

**६. वडास्तरीय विकास योजना स्वीकृत गर्ने**

- वडा स्तरीय योजना तर्जुमा कार्यशालामा कार्यदलबाट तयार भएको निर्माण भएको अन्तिम मस्यौदालाई वडा समितिको बैठकमा पेश गरी योजना कार्यान्वयनको लागी स्वीकृती गरीयो ।
- क्षेत्रगत समिति र विषयगत शाखाहरु वा कनका सुन्दरी गाउँ कार्यपालिकाले योजनाको रूपमा अपनत्व लिएको थियो ।

**७. योजना र क्रियाकलापहरु कार्यान्वयन**

- वडा विकास योजना तथा कृयाकलापहरू प्रत्येक बर्ष स्थानीय तहहरूको हुने वार्षिक योजना तर्जुमा प्रकृयामा समाहित गर्दै कार्यान्वयन गरीनेछ ।
- प्रदेश, संघिय सरकारबाट हुने विकास निर्माणका कार्यक्रम, बिभिन्न अन्य गैह्र-सरकारी संस्थाबाट हुने का
- र्यक्रममा पनि यो योजनालाई कार्यान्वयनमा अगाडि बढाइने छ ।वडा समिति, टोल विकास संस्थाहरु (त्ीइक), उपभोक्ता समितिहरुद्धारा योजनाहरु कार्यान्वयन हुनेछ ।

**८. अनुगमन तथा मूल्यांकन**

- वडा विकास योजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्नको लागी सबै पक्षहरूबाट निरन्तर अनुगमन र मूल्यांकन गर्ने कार्यलाई सुनिश्चित गर्न टोल, वडा र पालिका तहमा गठित योजना अनुगमन तथा मुल्यांकन समितिलाई प्रभावकारी बनाइनेछ
- समितिले अनुगमनका सुचकहरु निर्धारण गरी अनुगमन तथा मूल्यांकन गरी सल्लाह प्रदान गरिनेछ ।
- टोल विकास संस्थाहरुबाट पनि समुदाय स्तरमा योजनाहरुको अनुगमनमा सहभागी हुनेछ ।

## २.५ वडा विकास योजना तर्जुमाको सिमा

वडा विकास योजनाका सीमाहरु देहाय बमोजिम रहेका छन्ः

- यस वडा विकास योजनाको प्रस्तावित योजनाहरुको बजेटहरु अनुमानित रुपमा राखिएको छ ।
- वडा विकास योजना कार्यन्वयनमा बजेट अपर्याप्त रहेको छ ।
- वडामा भएका सबै टोल/बस्तीबाट प्राप्त टोल विकास प्रस्तावनाहरुबाट उपलब्ध भएसम्मका क्षेत्रगत योजनाहरु समावेश गर्ने प्रयास गरिएको छ ।
- वडामा भएका सबै टोल/बस्तीबाट प्राप्त टोल विकास प्रस्तावनाहरु बाहेक छुटेका वडा स्तरका पनि उपलब्ध भएसम्मका क्षेत्रगत योजनाहरु अनुसार समावेश गर्ने प्रयास गरिएको छ ।
- यस वडाको वडा विकास योजना पुस्तिकामा समावेश गरिएका तथ्याङ्कहरु मूलतः टोल विकास प्रस्तावनामा आधारित छन् ।
- टोल विकास प्रस्तावना तयारी छलफल तथा लेखन कार्य १ दिनको टोल स्तरीय योजना तर्जुमा कार्यशालामा सम्पन्न भएको थियो ।

- कोभिड-१९ को महामारी बावजुद पनि निषेधाज्ञा मापदण्डहरु पालना गर्दै तथ्याङ्कहरु संकलन तथा फिल्ड स्तरका भेलाहरु सम्पन्न भए पनि वडा स्तरीय योजना तर्जुमा कार्यशाला र विकास योजना कार्यान्वयन समयमै हुन सकेको थिएन ।
- कतिपय टोलवाट आएका योजनाहरु यस वडा विकास योजनामा जस्ताको तस्तै राखिएको हुँदा वार्षिक योजना बनाउने क्रममा आपसी सहमतिवाट एकिकृत गरी एक भन्दा वढि टोललाई फाईदा पुग्ने गरी संचालन गर्न सकिनेछ ।
- योजना तथा कृयाकलापहरुको प्रकृति, वजेटको अवस्था हेरी कतिपय योजनाको वजेट एक आ.व.मा प्रस्तावित गरिएको भए पनि क्रमागत रुपमा वहुवर्षिय हुने गरी संचालन गर्न सकिने छ ।

# भाग ३

# वडाको संक्षिप्त परिचय

## (Short Introduction of Ward)

# भाग ३

# वडाको संक्षिप्त परिचय

## (Short Introduction of Ward)

### ३.१ परिचय

जुम्ला जिल्लामा रहेको कनकासुन्दरी गाउँपालिका साविकका बुम्र माडी चौर, मालिकाबोता कनकासुन्दरी विराट र पाण्डवगुफा गा.वि.स.हरू मिलेर बनेको छ । कनकासुन्दरी गाउँपालिकामा ८ वडाहरु छन् । यी मध्ये वडा नं. २ साबिकको मालिकाबोता गा.वि.स. मिलेर बनेको छ । वडा नं. २ मा टोल विकास प्रस्तावना अनुसार ३२४ घरधुरीहरु छन् । यस वडामा ग्वातिखोला तथा रुगापानी, ठाँट, कुलदेव, तीनतल्ला, केशरीपाल, नारायण र लाह लिपू गरि जम्मा ७ वटा टोलहरु बनेका छन् ।

### ३.२ भोगोलिक तथा प्रशासनिक सिमाना

यो वडा न. २, कनकासुन्दरी गाउँपालिकाको उत्तरी भेगमा पर्दछ । यो वडा समुन्द्री सतह देखि २४०० देखि २५०० मिटर सम्मको उचाईमा रहेको छ । वडाको पूर्वमा वडा न. १ (बुम्रमाडी चौर), पश्चिममा कनकासुन्दरी गाउँपालिकाको वडा नं. ३, उत्तरमा रारा छायाँनाथ नगरपालिका (मुगु), दक्षिणमा कनकासुन्दरी गाउँपालिकाको वडा नं. ४ (हार्ट सिंजा) सँग जोडिएको छ ।

### ३.३ भू-उपयोगको अवस्था

मिश्रीत हावापानी भएको यस वडामा भिरालो र खेतीयोग्य जमिन दुवै प्रकारको रहेको छ भने धैरै जसो भु-भाग जंगलले ओगटेको छ । तल माथि वस्ती र प्राय विच भागमा मोटर बाटो र वन जंगलले ढाकेको यस वडामा भौगोलिक विविधता पाईन्छ । यहाँको समुदायको मुख्य बाली को रुपमा गहुँ, जौ, फापर, आलु, सिमि, मकै आदि पर्दछन् । हरेक वर्ष -वर्षमा वडा क्षेत्र हिउँले ढाकिएको हुन्छ । यस वडाको भू-उपयोगको बिस्तृत विवरण तल तालिका मा देखाइएको छ ।

*तालिका १: वडाको भू -उपयोगको विवरण*

| क्र.स. | भू-उपयोगको नाम | क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| १ | कृषि कार्यको लागि उपयोग भएको कुल जमिन | १४७५०.५६ रोपनी | |
| २ | सामुदायिक वनले ओगटेको क्षेत्र | ६७२.६७ हेक्टर | |
| ३ | नगदे बाली | १४७.५१ रोपनी | |
| ४ | तरकारी | २९५.०१ रोपनी | |
| ५ | फलफुल | ४४२.५२ रोपनी | |

| क्र.स. | भू-उपयोगको नाम | क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| ६ | अन्नबाली | ११८००.४५ रोपनी | |
| ७ | दलहन बाली | ७३७.५२८ रोपनी | |
| ८ | रोत चरण क्षेत्र | | स्थानको नाम ढुनेला |

*(स्रोत: गाउँ वस्तुगत विवरण,२०७५)*

### ३.३ पूर्वाधारहरु/संरचनाहरु

यस वडाको कार्यालय आफ्नै भवनमा रहेको छ । यस वडामा भएका सेवामुलक कार्यालयहरु स्वास्थ्य चौकी १ वटा, पशु सेवा कार्यालय १ वटा र नेपाल टेलिकम १ वटा छन् । यस बाहेकका बिभिन्न पुर्वाधारहरु निम्न तालिकाले देखाउंदछ । र यसको विस्तृत विवरण अनुसूची मा दिइएको छ ।

*तालिका २ पूर्वाधारको विवरण*

| क्र.स. | पूर्वाधारको प्रकार | इकाई/सख्या |
|---|---|---|
| १ | विद्यालय | ४ वटा |
| २ | मन्दिर | १५ वटा |
| ३ | टेलीकम भवन | १ वटा |
| ४ | पशु सेवा भवन | १ वटा |
| ५ | धरमशाला | ३ वटा |
| ६ | पुल | २ वटा |
| ७ | उर्जा | २ वटा |
| ८ | स्वास्थ चौकी | १ वटा |
| ९ | पानी घट्ट | १६ वटा |
| १० | सडक (कंक्रिट ) | ९०० मिटर |
| ११ | सडक (कच्ची) | ५८४५ मिटर |
| १२ | आर्मी रेन्जर पोस्ट भवन | २ वटा |
| १३ | अतिरिक्त हुलाक | १ वटा |

(स्रोत: टोल विकास प्रस्तावना पुस्तिकाहरु २०७७, वडा विकास योजना तयारी कार्यशाला,२०७८)

## ३.४ वडामा कार्यरत गैर सरकारी संघ-संस्थाहरु तथा समुदायमा आधारित संस्था/समुह/क्लबहरु

### ३.४.१ वडामा कार्यरत गैर सरकारी संघ-संस्थाहरु

यस वडामा बिभिन्न गैर सरकारी संघ-संस्थाहरुले बिभिन्न विकासका क्षेत्र अन्तर्गत कार्यक्रम संचालन गरी वडामा आर्थिक, सामाजिक शसक्तिकरण र वडाको भौतिक पुर्वाधार विकासको क्षेत्रमा महत्वपुर्ण योगदान पुर्याएका छन् । यस वडामा कार्यरत बिभिन्न गैर सरकारी संघ-संस्थाहरुले विवरण निम्न तालिका मा देखाईएको छ ।

*तालिका ३ वडामा कार्यरत गैरसरकारी संघ-संस्थाहरु/कार्यक्रमहरुको विवरण*

| क्र.स. | वडामा कार्यरत गैरसरकारी संघ-संस्थाहरु/कार्यक्रमहरुको नाम | सहयोग गरिरहेको क्षेत्र | लाभान्वित टोल (हरु) | कैफियत |
|---|---|---|---|---|
| १ | INF | सामाजिक विकास | ७ वटै टोल | बचत तथा सरसफाई, ऋण लगानी, जनचेतना, पूर्वाधार, पशुपालन, अपांग बाल बालिकाको लागि |
| २ | SEDA Nepal | सामाजिक विकास | ७ वटै टोल | बाल बालिकाको स्वस्थ सम्बन्धि |
| ३ | CAD Nepal | सामाजिक विकास | ७ वटै टोल | विद्यालयको बाल बालिका शिक्षा सम्बन्धि |
| ४ | Save the Children | सामाजिक विकास | लाहलिपू | विद्यालयको बाल बालिका शिक्षा सम्बन्धि |
| ५ | UNICEF Nepal | सामाजिक विकास | ७ वटै टोल | बिद्यालय, शौचालय, योजना सम्बन्धि |

*(स्रोत: टोल विकास प्रस्तावना पुस्तीकाहरु, २०७७)*

### ३.४.२ वडामा कार्यरत समुदायमा आधारित संस्था/ समुह/ क्लबहरु

समुदायमा आधारित बिभिन्न संस्था/समुह वा क्लबहरुको विवरण तल तालिकामा देखाईएको छ । साथै विस्तृत विवरण तल अनुसूची मा पनि दिईएको छ ।

*तालिका ४ समुदायमा आधारित संस्था/समुह/क्लबहरुको विवरण*

| क्र.स. | समुदायमा आधारित संस्था/ समुहहरु/ क्लबहरुको नाम | इकाई | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | गरिबी निवारण कार्यक्रम समुह | वटा | १ | |
| २ | चन्दननाथ सहकारी | वटा | १ | |
| ३ | कृषि सहकारी समुह | वटा | २ | |
| ४ | महिला बहुउद्देश्यीय सहकारी समुह | वटा | ७ | |
| ५ | महिला विकास संस्था | वटा | ७ | बचत सम्बन्धि |
| ६ | नौलो विकास संस्था (नौलो बिहानी संस्था) | वटा | ७ | बिमा सम्बन्धि |
| ७ | टोल विकास संस्था | वटा | ७ | |

*(स्रोत: टोल विकास प्रस्तावना पुस्तीकाहरु, २०७७)*

### ३.५ टोल अनुसार जातजातिगत घरधुरी

यस वडामा जम्मा ३२४ घरधुरी मध्ये अन्य जातिको ३१६ घरधुरी र दलित ८ घरधुरी रहेका छन् । यस वडामा अन्य जातिको घरधुरी संख्या दलित जातिहरुको तुलनामा धैरै रहेको देखिन्छ ।

यस वडाको घरधुरीको टोलगत तथा जातजातिगत आधारमा गरिएको वर्गीकरण निम्न तालिकामा देखाइएको छ ।

*तालिका ५ टोल अनुसार जातजातिगत घरधुरी विवरण*

| क्र.स. | टोलको विकास संस्थाको नाम | घरधुरी संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | दलित | आदिबासी /जनजाती | तराइ मधेश पिछडा बर्ग | धार्मिक अल्पसंख्यक | अन्य | जम्मा |
| १ | कुलदेव टोल विकास संस्था | ० | ० | ० | ० | ६१ | **६१** |
| २ | केशरिपाल टोल विकास संस्था | ० | ० | ० | ० | ४५ | **४५** |
| ३ | ग्वातिखोला तथा रुगापानी टोल विकास संस्था | ३ | ० | ० | ० | ५६ | **५९** |
| ४ | ठाँट टोल विकास संस्था | ० | ० | ० | ० | ३५ | **३५** |
| ५ | तिनतला टोल विकास संस्था | २ | ० | ० | ० | २७ | **२९** |
| ६ | नारायण टोल विकास संस्था | ० | ० | ० | ० | ४२ | **४२** |
| ७ | लाहा लिपु टोल विकास संस्था | ३ | ० | ० | ० | ५० | **५३** |
| | **जम्मा** | **८** | **०** | **०** | **०** | **३१६** | **३२४** |
| | **प्रतिशत** | **२.४६** | **०** | **०** | **०** | **९७.५३** | |

*(स्रोत: टोल विकास प्रस्तावनाहरु २०७७)*

### ३.७ टोल अनुसार जातजातिगत जनसंख्या विवरण

यस वडामा टोल विकास प्रस्तावनाको आधारमा जम्मा जनसंख्या १९८४ छन् । जस मध्ये अन्य जातिको महिला जनसंख्या करिब ९२६ जना छन् र पुरुष जनसंख्या करिब १००५ जना छन् भने दलित जतिको महिला जनसंख्या ३० जना छन् र पुरुष जनसंख्या २३ जना छन् । यस वडामा अन्य जातिहरुमा पुरुषको जनसंख्या महिलाको भन्दा धैरै छन् भने दलित जातिहरुमा पुरुषको जनसंख्या महिलाको जनसंख्या भन्दा थोरै छन् ।

यस वडाको टोलगत तथा जातजातिगत जनसंख्याको आधारमा गरिएको वर्गीकरण निम्न तालिकामा देखाइएको छ ।

*तालिका ६ टोल अनुसार जातजातिगत जनसंख्या विवरण*

| टोल विकास संस्थाको नाम | दलित | | | अन्य | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा |
| कुलदेव टोल विकास संस्था | ० | ० | ० | १९० | १९४ | ३८४ | **१९०** | **१९४** | **३८४** |
| केशरिपाल टोल विकास संस्था | ० | ० | ० | १३२ | १३४ | २६६ | **१३२** | **१३४** | **२६६** |
| ग्वातिखोला तथा रुगापानी टोल विकास संस्था | ९ | ९ | १८ | १४५ | १७९ | ३२४ | **१५४** | **१८८** | **३४२** |
| ठाँट टोल विकास संस्था | ० | ० | ० | १०७ | ११० | २१७ | **१०७** | **११०** | **२१७** |
| तिनतला टोल विकास संस्था | १० | ६ | १६ | ८६ | ८० | १६६ | **९६** | **८६** | **१८२** |
| नारायण टोल विकास संस्था | ० | ० | ० | ११७ | १४२ | २५९ | **११७** | **१४२** | **२५९** |
| लाहा लिपु टोल विकास संस्था | ११ | ८ | १९ | १४९ | १६६ | ३१५ | **१६०** | **१७४** | **३३४** |
| **जम्मा** | **३०** | **२३** | **५३** | **९२६** | **१००५** | **१९३१** | **९५६** | **१०२८** | **१९८४** |
| **प्रतिशत** | **३.१४** | **२.२४** | **२.६७** | **९६.८६** | **९७.७६** | **९७.३३** | | | |

*(स्रोत: टोल विकास प्रस्तावना पुस्तिकाहरु २०७७ )*

## ३.८ समग्रमा घरधुरीको मुख्य सीप तथा पेशा

### ३.८.१ घरधुरीको मुख्य सीप सम्बन्धि विवरण

यस वडामा धेरै जसो ब्यक्तिहरूमा बिभिन्न परम्परागत सीप भएका मानिसहरू रहेका छन । ब्यबसायिक सिप भएका ४९ जना, मध्यम सिप भएका ७० जना र आधारभूत सिप भएका ३४ जना ब्यक्ति गरी जम्मा १५३ जना रहेका छन ।

वडामा अवस्थित घरधुरीहरुको मुख्य सीप टोलगत अनुसार निम्न तालिकामा देखाइएको छ ।

*तालिका ७ टोलगत मुख्य सीपको विवरण*

| टोल विकास संस्थाको नाम | सीपको नाम | सीपमूलक व्यक्तिको संख्या | | | जम्मा |
|---|---|---|---|---|---|
| | | ब्याबसायिक | मध्यम | आधारभूत | |
| १. ठाँट टोल विकास संस्था | इलेक्ट्रिक | ० | १ | ० | १ |
| | सिकर्मी | १ | ० | ० | १ |
| | सिलाई कटाई | १ | ० | ० | १ |
| | डकर्मी | २ | ० | ० | २ |
| | राडीपाखी बुन्ने | २ | ० | ० | २ |
| २. ग्वातिखोला-रुगापानी टोल विकास संस्था | भाँडा वर्तन बनाउने | | | ३ | ३ |
| | इलेक्ट्रिक | ० | ० | १ | १ |
| | सिकर्मी | ० | १० | ० | १० |
| | डकर्मी | ० | १० | ० | १० |
| | प्लम्बर | १ | ० | ० | १ |

| टोल विकास संस्थाको नाम | सीपको नाम | सीपमूलक व्यक्तिको संख्या | | | जम्मा |
|---|---|---|---|---|---|
| | | ब्यावसायिक | मध्यम | आधारभूत | |
| | ग्यारेज सम्बन्धि | ० | ० | १ | १ |
| | राडीपाखी बुन्ने | २ | ० | ० | २ |
| ३. कुलदेव टोल विकास संस्था | डकर्मी | ० | ७ | ० | ७ |
| | सिकर्मी | ० | ११ | ० | ११ |
| | सिलाई-कटाई | ० | १ | ० | १ |
| | राडीपाखी बुन्ने | २ | ० | ० | २ |
| ४. तिन तल्ला टोल विकास संस्था | डकर्मी | ० | ९ | ० | ९ |
| | आरन सम्बन्धि | २ | ० | ० | २ |
| | बिधुत वाईरिंग | १ | ० | ० | १ |
| | राडीपाखी बुन्ने | २ | ० | ० | २ |
| ५. नारायण टोल विकास संस्था | डकर्मी | ० | ८ | ० | ८ |
| | राडीपाखी बुन्ने | २ | ० | ० | २ |

| टोल विकास संस्थाको नाम | सीपको नाम | सीपमूलक व्यक्तिको संख्या | | | जम्मा |
|---|---|---|---|---|---|
| | | ब्याबसायिक | मध्यम | आधारभूत | |
| ६. केसरिपाल टोल विकास संस्था | मिस्त्री | १२ | ९ | ५ | २६ |
| | सिलाई कटाई | ० | ० | ३ | ३ |
| | वेल्डिंग | १ | ० | ० | १ |
| | ग्यारेज | १ | ० | ० | १ |
| | राडीपाखी बुन्ने | ४ | ० | १५ | १९ |
| ७. लाहालिपू टोल विकास संस्था | सिकर्मी/डकर्मी | ३ | ४ | ६ | १३ |
| | वाईरिंग | १ | ० | ० | १ |
| | राडीपाखी बुन्ने | ५ | ० | ० | ५ |
| | आरन सम्बन्धि | ३ | ० | ० | ३ |
| | मेडिकल | १ | ० | ० | १ |
| **जम्मा** | | **४९** | **७०** | **३४** | **१५३** |

*(स्रोत: टोल विकास प्रस्तावना पुस्तिका २०७७)*

### ३.८.२ घरधुरीहरुको मुख्य पेशा सम्बन्धि विबरण

यस वडामा ७९.६२% घरधुरीहरु कृषि पेशामा आबद्ध रहेका छन् । यस वडाका सबै घरधुरीहरू कृषी बाहेकका अन्य पेशा पनि अंगालेका गरेका छन । घरधुरीहरुको मुख्य पेशाको विबरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ८ घरधुरीहरुको मुख्य पेशाको विवरण*

| क्र.स. | मुख्य पेशा | घरधुरी संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि तथा पशुपालन | २५८ | ७९.६२% | वडामा जम्मा घरधुरी =३२४ |
| २ | अदक्ष कामदार/ दैनिक ज्यालादारी | २१३ | ६५.७४% | |
| ३ | मौसमी प्रवास (भारतमा मजदुरी) | २२१ | ६८.२०% | |
| ४ | सरकारी जागिर | ३७ | ११.४१% | |
| ५ | दक्ष कामदार | ५७ | १७.५९% | |
| ६ | व्यापार व्यवसाय | ८ | २.४६% | |
| ७ | वैदेशिक रोजगारी (भारत बाहेक ) | ६ | १.८५% | |
| ८ | गैर सरकारी संघ-संस्था | ६ | १.८५% | |
| ९ | उदधोग | ३ | ०.९२% | |

*(स्रोत: टोल विकास प्रस्तावना पुस्तिकाहरु २०७७)*

## ३.९ वडा कार्यालयको मानव संशाधनको अवस्था

यस वडा कार्यालयमा दरबन्दी संख्या तथा हाल कार्यरत कर्मचारी संख्याहरुको विवरण तल तालिकामा देखाईएको छ ।

*तालिका ९ वडा कार्यालयको जनशक्ति विवरण*

| क्र.स. | पद | दरबन्दी संख्या | हाल कार्यरत संख्या | | कैफियत |
|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | |
| १ | वडा सचिव | १ | - | १ | |
| २ | असिस्टेन्ट सब-इन्जिनियर | १ | - | १ | |
| ३ | कार्यालय सहयोगी | १ | - | १ | |

**(स्रोत: वडा कार्यालय)**

## ३.१० वडाको समग्र विकास र सम्भावनाहरु

आर्थिक, सामाजिक, भौतिक तथा पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकासको विद्धमान अवस्था, समस्या, चुनौतिको आधारमा वडाको समग्र विकास र सम्भावनाहरुलाई हेर्न सकिन्छ । वडाको विकास र सम्भावनाहरुलाई निम्न अनुसार पांच विकास क्षेत्रगत् रुपमा ब्याख्या गरिएको छ ।

**आर्थिक विकास**

यस वडामा बसोबास गर्ने मानिसहरुको मुख्य पेसा कृषि रहेको छ र वडाको १४७५०.५६ रोपनी जमिन कृषिको लागि उपयोग भएको छ । यस वडाको हावापानी विविधतापूर्ण भएकोले बिभिन्न अन्नहरू उत्पादन हुने गरेको छ । यस क्षेत्रमा जुम्ली मार्सी धान, गहुँ, आदि अन्नहरुको उत्पादन हुन्छ । फलफुल तर्फ स्याउ, ओखर आदि हुन्छन् । त्यसैले फलफुल तथा अन्न को लागि संकलन तथा चिस्यान केन्द्रको पूर्वाधार बनाएर बजार ब्यबस्थापनलाई विस्तार गर्न सकिन्छ राडीपाखी, लिउ जस्ता उत्पादनको मात्रा बढाउन घरेलु उद्योगहरुको सम्भाव्यता यस क्षेत्रमा रहेको छ ।

सांस्कृतिक तथा धार्मिक हिसाबले यहाँ धार्मिक पर्यटनको सम्भावना धेरै देखिन्छ । यसका साथै रारा सम्म पैदल यात्रा गर्ने पदमार्गको सुविधा तथा सडकको राम्रो विस्तार भयो भने आन्तरिक पर्यटनको साथै बाह्य पर्यटकको आगमनलाई बढाउन सकिन्छ र पर्यटक बाट आम्दानी गर्न सकिन्छ । यस वडामा अवस्थित बडडे चौर, खरी खानी, हखाब्डा झरना, घोडा मैला झर्नाको संरक्षण तथा विकास गर्नुको साथै होम स्टे सम्बन्धि तालिम पनि दिई पर्यटन ब्यबसाय बढाउन सकिने सम्भावना राम्रो देखिन्छ । यस बाहेक सहकारीको उचित ब्यबस्थापनको लागि सहकारीको संस्थागत विकास गर्न सकेमा सहकारीको सम्भावना राम्रो छ । यस वडामा घार संख्या ३९० र उक्त घार हरु बाट ६९९ किलो जति मह उत्पादन हुने हुँदा माहुरी पालन सम्बन्धि तालिम दिएर मह उत्पादन बढाउन सकिन्छ ।

**सामाजिक विकास**

जुम्ला जिल्ला पूर्ण साक्षर घोषणा भएको जिल्ला हो । यस वडामा १ वटा वटा बाल विकास केन्द्र तथा ३ विद्यालयहरु गरि जम्मा ४ वटा रहेका छन् । यस वडामा स्वास्थ्य चौकी र गाउँघर क्लिनिकले स्वास्थ्य सेवा प्रवाह गरिरहेका छन् । वडा क्षेत्र खुल्ला दिसा मुक्त क्षेत्र घोषणा भईसकेकोले सबैले शौचालय प्रयोग गर्छन । पानीका मुहानहरु भएकोले धेरै जसो ठाउँमा एक घर एक धारा को सम्भावना रहेको छ र बृहत् खानेपानी आयोजना निर्माण गरि खानेपानीको सुबिधा उपलब्ध गराउन सकिन्छ । यस वडामा महिला विकास संस्था जस्ता समूहहरु क्रियाशील भएकोले महिला हिंसा, छुवाछुत प्रथा तथा जांड-रक्सी घट्दै गएको पाइन्छ । साथै वडाले पनि महिला हिंसा, छुवाछुत प्रथा तथा जांड -रक्सी नियन्त्रणमा पहल गरिसकेको छ ।

यस वडामा सांस्कृतिक महत्व भएका बिभिन्न प्राचिन पञ्चेबाजा, मादल जस्ता बाजाहरु रहेका छन् । परम्परागत कलासंस्कृतिको संरक्षण गरेर प्रचार प्रसार गर्न सकिए वडाको नि राम्रो प्रचार हुने सम्भावना छ ।

**पूर्वाधार विकास**

यस वडा क्षेत्र भित्र कर्णाली राजमार्ग पनि पर्दछ । लगभग ५८४५ मिटर ग्रामीण बाटो यस वडा भित्र रहेको छ । यस वडा क्षेत्रमा मानिस आवतजावतको लागि २ वटा झोलुंगे पुल रहेका छन् । रोत नौमुली र घट्टे खोला लघु जलविद्युत आयोजनाले यस क्षेत्रमा विद्युत आपूर्ति गरिरहेको छ । बिधुतको साथै वडाको आफ्नै कार्यालय, बैठक हल तथा इन्टरनेटको पनि सुबिधा भएकोले गुणस्तरीय सेवा प्रवाह राम्रो देखिन्छ । यस वडामा १ वटा मात्र टेलिफोन टावर भएकोले संचारमा अझ सुधार ल्याउन आवस्यक देखिन्छ साथै वडामा मोबाइल प्रयोग नगर्ने व्यक्ति नगन्य मात्रामा छन् । यस वडाको सूचना

र सञ्चारको क्षेत्रमा विकास बढाउन टेलिफोन लाइनको विस्तार, एफएम रेडियो तथा पत्रपत्रिका सञ्चालन, इन्टरनेट प्रयोगमा पहुँच गर्न आवश्यक देखिन्छ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

यस वडामा ३ वटा रारा निकुन्ज भित्र र १ वटा जिल्ला वन कार्यालय भित्र गरि ४ वटा सामुदायिक वनहरु छन् । यस क्षेत्रमा लौठे सल्लो, पाखनबेद, हातेजडी, सतुवा, पांच औम्ले, टिमुर, चिराइतो, पदमचाल, काकरसिरा जस्ता जडीबुटी, गुराँस, सल्लो, उत्तिस, देवदार, धुपीसल्ला जस्ता वनस्पतिहरु पाइन्छन् । त्यसैले जैविक विविधता भएको यस वडाको वन क्षेत्रहरुको संरक्षण र सम्बद्र्धन गरी दिगो वातावरणीय विकासको सम्भावना रहेको देखिन्छ । यस वडा क्षेत्रमा हावाहुरी, बनडढेलो, पहिरो, जस्ता प्रकोपहरुका कारण केही क्षेत्रहरु उच्च जोखिममा रहेकाले बिपद् पूर्व तयारीका लागि अपनाउनु पर्ने कार्यहरु गरेर ती क्षेत्रहरुलाई सुरक्षित गर्न जरुरि देखिन्छ ।

**संस्थागत विकास, सुशासन र सेवा प्रवाह**

३ जना कर्मचारीहरु कार्यरत रहेको यस वडाले आफ्नो सेवा सन्तोषजनक रुपले सेवाग्राहीलाई सेवा दिईरहेका छन् । वडाले आफ्नो क्षेत्र भित्र कार्य गरिरहेका गैसस, निजी क्षेत्र, मिडिया, समुदायमा आधारित क्लबहरु, उपभोक्ता समिति, नागरिक समाज जस्ता विकासका साझेदारहरु बीच समन्वय गर्दै विकासका कार्यहरु गरिरहेको छ । उक्त बिभिन्न विकासका साझेदारहरुसंग समन्वय गरेर आयोजनाको प्रभावकारी रुपमा कार्यान्वयन गरि अनुगमन तथा मूल्याङ्कन गर्ने काम वडाले गरिरहेको छ ।

## ३.१० वडाको टोल सहितको गुगल नक्सा (Google Map)



# भाग ४

# वडाको अवस्था विश्लेषण

## (Situation Analysis of Ward)

# भाग ४

# वडाको अवस्था विश्लेषण

(Situation Analysis of Ward)

## ४.१ क्षेत्रगत रुपमा वडाको अवस्था बिश्लेषण (समस्या तथा चुनौतीहरु र सबल पक्ष तथा अवसरहरु)

टोल विकास संस्थाहरूमा एक दिने टोल विकास प्रस्तावना कार्यशालाका दौरन समग्रमा टोल बाट सबल पक्ष, कमजोर पक्ष, चुनौती तथा अवसरहरूका बारेमा छलफल गरि टोल प्रतिबेदनमा समेटिएको छ। वडा विकास कार्यशाला र टोल बाट संकलित वडाको क्षेत्रगत रूपमा समस्याहरु तथा अवसरहरु समग्र रुपमा यस वडा विकास योजना पुस्तकमा समेटिएका छन् ।

वडाको आर्थिक, सामाजिक, भौतिक तथा पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास क्षेत्रनुसार विद्यमान समस्या/चुनौतीहरु र सबल पक्ष/अवसरहरुको क्षेत्रगत रुपमा विश्लेषण बिस्तृत विवरण तल तालिकामा देखाइएको छ ।

*तालिका १० क्षेत्रगत समस्या तथा चुनौतिहरू र सबल पक्ष तथा अवसरहरू*

| उपक्षेत्र | समस्याहरु तथा चुनौतीहरु | सबल पक्ष तथा अवसरहरू |
|---|---|---|
| **आर्थिक विकास** | | |
| कृषि | • सिचाईको समस्या<br>• कुटानी पिसानीको समस्या<br>• कृषि उपजको बजार ब्यबस्थापनमा समस्या<br>• पशुपालनको लागि चरिचरणको अभाव<br>• ब्यबसायिक र प्राबिधिक कृषि ज्ञानको कमि<br>• स्याउको बोटको लागि औषधि तथा काँट - छाँट गर्ने र ग्रेडिंग मेशिन को अभाव<br>• अन्नबालीको बिउ बिजनको समस्या<br>• कृषि उपज भण्डारणमा समस्या (जस्तै स्याउ,आलु आदि) | • कृषि (फलफुल, अन्न) उत्पादनको लागि उपयुक्त जमिन तथा धेरै उत्पादन हुने<br>• कृषि (फलफुल तथा अन्न) को लागि बजारको विस्तारको सम्भावना भएको<br>• पानी भएकोले सिचाईको राम्रो सम्भावना<br>• स्याउको लागि उपयुक्त जमिन भएको<br>• २६५ हल जति खेतबारी रहेको<br>• ऊन प्रशस्त हुने<br>• कुटनी पिसानिको लागि पानीको सुबिधा भएको<br>• कृषि प्राबिधिकको संख्या बढाउने |

| उपक्षेत्र | समस्याहरु तथा चुनौतीहरु | सबल पक्ष तथा अवसरहरू |
|---|---|---|
| | • खेतीपातीमा रोग लाग्ने समस्या तथा परम्परागत कृषि प्रणाली भएको<br>• उत्पादित वस्तुहरुको बजार मुल्यमा असमानता<br>• उन्नत घाँस र उन्नत पशु नभएको<br>• जैविक मल उपलब्ध नहुने र बनाउने सिपको अभाव<br>• तरकारी खेतीमा बिषादीको समस्या<br>• तरकारी बिउ बिजनको समस्या तथा तरकारी सम्बन्धि तालिमको अभाव<br>• पम्परागत पशुपालन गर्ने चलन<br>• पशु उपचारमा समस्या<br>• पशुपलानमा प्राबिधिक ज्ञानको अभाव | • घट्टे खोलामा पानी भएकोले सिचाईको राम्रो सम्भावना<br>• पशुपालन राम्रो हुने गरेको<br>• पशुपालन राम्रो हुने भएकोले सबै घरले पशुपालन गरेको<br>• वृक्षारोपण गर्ने ठाउँहरु रहेको<br>• संकलन केन्द्रमा प्रसस्त बाली कृषि (फलफुल तथा अन्न) संकलन हुन सक्ने<br>• सबैको २ हल खेत भएको<br>• सबैको ३ हल खेत |
| व्यापार/उध्योग | • आयआर्जन मुलक सिपको कमि<br>• राडीपाखी बुन्ने कार्य ब्यबसायिक हुन नसकेको र बुन्ने मेसिन तथा तालिमको पनि कमि भएको<br>• महिलालाई स्वरोजगारको कमि | |
| सहकारी | • सहकारीको लागि संस्थागत संरचना अभाव | |
| पर्यटन | • खरी खानी तथा झर्ना आदिको उचित ब्यबस्थापन नभएको<br>• मालचरा गुफा ब्यबस्थित नभएको<br>• रारा जाने बाटो (हिडेर) अफ्ट्यारो भएको | • पर्यटकको सुबिधा को लागि रारा जाने बाटो को सुधार गरि पर्यटक बाट आम्दानी गर्न सकिने<br>• पुराना कुराहरुको संरक्षण गरि पर्यटनको विकास हुन सक्ने<br>• बड्डे चौर खरी खानी, हखाब्ड़ा झर्ना, घोडा मैला झर्नाको संरक्षण तथा विकास गरि पर्यटन ब्यबसाय बढाउन सकिने |

| उपक्षेत्र | समस्याहरु तथा चुनौतीहरु | सबल पक्ष तथा अवसरहरू |
|---|---|---|
| | • होम स्टे सम्बन्धि ज्ञान कमि | • मालचरा गुफा "साविभिड" बनमा भएको<br>• होम स्टे बाट रारा जाने पर्यटकबाट आम्दानी गर्न सकिने |
| | **सामाजिक विकास** | |
| शिक्षा | • विद्यालयको शैक्षिक सुधार (शिक्षक दरबन्दी, दक्ष शिक्षक र गुणस्तर शिक्षा )<br>• महिला तथा बुढापाकालाई लेख्न पढ्न समस्या<br>• महिला साक्षरताको कमि<br>• बाल बालिकाहरुलाई खेल मैदानको अभाव<br>• बाल बिबाहको समस्या<br>• बिधार्थी मैत्री भवनको अभाव | • टोलमा बिद्यालय भएको<br>• बुढा पाकाहरु दस्तखत मात्र गर्ने सक्ने तथा प्रौढ शिक्षा संचालनको लागि महिलाहरु पर्याप्त भएको<br>• बाल बालिका मैत्री शिक्षा भएको<br>• मा.वि.मा पांच सय बिधार्थी भएको |
| स्वास्थ्य | • छाउपडी बार्ने ठाउंको अभाव र छाउ भएको बेला सरसफाई सम्बन्धि जनचेतनाको अभाव<br>• पोषण र स्वास्थ्य सम्बन्धि जनचेतनाको कमि<br>• स्वास्थ्य संस्थामा औषधिको अभाव<br>• जांड रक्सी नियन्त्रण नभएको तथा बिभिन्न समुहहरु गठन भएकोले जांड रक्सी नियन्त्रण गर्न सकिने<br>• महिला स्वयम सेविकाको कमि<br>• स्वास्थ्य संस्थामा सबै प्रकारको सुबिधा कम भएकोले उपचार गर्न टाढा जानुपर्ने (जस्तै: डेलिभरी गर्न )<br>• उपचारको लागि जाँदा यातायातको समस्या | • पोषण युक्त गेडागुडी (जस्तै: सिमी,जौ, गहुँ उत्पादन आदि) उत्पादन हुने<br>• स्वास्थ्य संस्थाको सुबिधा भएको<br>• १ जना महिला स्वयम सेविका ब्यबस्था भएको |

| उपक्षेत्र | समस्याहरु तथा चुनौतीहरु | सबल पक्ष तथा अवसरहरू |
|---|---|---|
| | • गाउँ/टोलमा सरसफाई क्रियाकलाप कम भएको<br>• महिलाहरुमा आंग खस्ने समस्या रहेको | |
| खानेपानी र सरसफाई | • खानेपानीको सुविधा पर्याप्त नभएको<br>• गाउँ/टोलमा सरसफाई क्रियाकलाप कम भएको<br>• उपभोक्ता समिति निस्क्रिय तथा खानेपानी योजना मर्मत नभएको | • पानी उपलब्ध भएको<br>• टोल समिती तथा खानेपानी उपभोक्ता समिति रहेको<br>• खानेपानी योजना भएको<br>• सबै घरमा पानी आउने धाराको सुबिधा रहेको |
| संस्कृति | • पुराना कुराहरु संरक्षण नभएको (जस्तै: घोडा मौला ) | |
| लैगिक समानता तथा सामाजिक समावेशीकरण | • बाल बालिकाहरु सानै उमेरमा बिबाह गर्ने चलन<br>• महिला समाबेशी सम्बन्धि तालिमको कमि<br>• महिला, बुढा पाका को सोचाईमा परिवर्तन नभएको<br>• महिलाहरुको नेतृत्व विकास क्षमतामा कमि<br>• महिलाहरुको सबै क्षेत्रमा सहभागिताको कमि | • बाल क्लबहरु रहेको<br>• बाल बिबाह नियन्त्रणमा वडाले पहल गर्न शुरु गरेको<br>• महिला बचत समुहहरु रहेको<br>• महिला समूहहरु गठन भएको र बिस्तारै कु- प्रथा उन्मुलनमा लागेको |
| **पूर्वधार विकास** | | |
| सडक | • गाउँ/टोल भित्र बाटोको समस्या (साँगुरो र बर्सातमा हिलो)<br>• पर्यटक पथमा बाटोको समस्या<br>• कच्ची बाटोको कारणले धुलो बढी हुने समस्या<br>• सडक सुधार नभएको | • गोरेटो बाटो सुधारको लागि बाटो भएको<br>• गोरेटो बाटोमा यातायातको सुबिधा भएको<br>• टोलमा धेरै हिनो रहेको<br>• बाटो चौडा गर्नको लागि गोरेटो बाटो उपलब्ध रहेको |
| | | • रारा जाने छोटो बाटो भएको |

| उपक्षेत्र | समस्याहरु तथा चुनौतीहरु | सबल पक्ष तथा अवसरहरू |
|---|---|---|
| | | • रारा जाने बाटो प्रमुख गाड बाट गएको<br>• सडकको सुबिधा भएको<br>• साना बाटोलाई सुधार गरि चौडा बनाउनको लागि सबै टोलमा सानो बाटो भएको |
| सिचाई | • सिचाई सुबिधा नभएको<br>• ढल निकासको समस्या | • पानी भएकोले सिचाईको राम्रो सम्भावना |
| भवन तथा सहरी विकास | • तेल पेल्ने र पिस्नेको मेशिन तथा मिलको समस्या<br>• हिनो भरयांगमा बुढा-पाकालाई हिड्न समस्या<br>• टोलमा बैठक गर्ने ठाउँको अभाव<br>• संकलन तथा चिस्यान केन्द्रको समस्या<br>• सामुदायिक भवनमा कुर्चीको अभाव | • संकलन तथा चिस्यानको लागि पर्याप्त कृषि उत्पादन हुने गरेको<br>• दक्ष मिस्त्री भएको |
